# गाउँ फर्क

## राष्ट्रिय अभियान

२०२४

# गाउँ फर्क

राष्ट्रिय अभियान

२०२४

श्री ५ को सरकार,
प्रचार प्रसार मन्त्रालय,
प्रचार विभागबाट प्रकाशित

२०२४ साल, १,००००० प्रति
"क" श्रेणी

श्री ५ को सरकारको छापाखानामा मुद्रित ।



राष्ट्रनायक श्री ५ महेन्द्र

"नेपाल अधिराज्य र नेपाली जनताको सर्वोत्तम हित र समुन्नतिका निमित्त लोकसम्मतिको अनुकूल शासन व्यवस्था......... जनजीवनमा आधारित राष्ट्रिय प्रतिभा र परंपरा सुहाउंदो तलैदेखि उठी सम्पूर्ण जनताको क्रियाशील सहयोग पाउने र विकेन्द्रीकरणको सिद्धान्तलाई अंगाल्ने दलविहीन प्रजातान्त्रिक पञ्चायत प्रणालीद्वारा मात्र सम्भव छ।"......

–नेपालको संविधान



श्री ५ महेन्द्र जनसमूहका साथ

# राष्ट्रिय गान

श्रीमान् गम्भीर नेपाली प्रचण्ड प्रतापी भूपति
श्री ५ सरकार महाराजाधिराजको सदा रहोस् उन्नति
राखून् चिरायु ईशले, प्रजा फैलियोस् पुकारौं जय प्रेमले
हामी नेपाली साराले ।
वैरी सारा हराउन् शान्त होउन् सवै बिघ्न व्यथा,
गाऊन् सारा दुनियाँले सहर्ष नाथको सुकीर्तिकथा,
राखौं शासन, भारी वीरताले, नेपालमाथि संधै नाथका
श्री होस् ठूलो हामी नेपालीको ।




श्री ५ महाराजाधिराजको झण्डा

"आज हामी कसैले पनि देशबाट के
फाइदा उठाउन सक्छौं भन्ने होइन,
बरू हामी प्रत्येक नेपालीले देशको
लागि के फाइदा गर्न सक्छौं– त्यो
गर्ने बेला आएको छ ।"

– श्री ५ महेन्द्र



राष्ट्रिय झण्डा



जननी जन्मभूमिश्च स्वर्गादपि गरीयसी

श्री ५ महाराजाधिराज
सरकारबाट
बक्सेको

# गाउँ फर्क

राष्ट्रिय अभियान
२०२४

# गाउँ फर्क

## राष्ट्रिय अभियान

**अब** हाम्रो दलविहीन प्रजातान्त्रिक पञ्चायत व्यवस्था नेपाल र नेपाली समाजको अभिन्न अङ्ग भइसकेको सिद्ध भएकोले यसद्वारा क्रमशः विकेन्द्रीकरण र शोषणरहित समाजको सृजना गर्ने लक्ष्यतर्फ हामी अगाडि बढिरहेका छौं तापनि अहिले हामी प्रारम्भिक खुड्किलोमा मात्र छौं र हामीले गर्नु पर्ने कुरा अझ धेरै बाँकी नै छन् । देशका अधिकांश जनता गाउँमा बस्ने भएकाले व्यवस्थाको मूलभूत लक्ष्यप्राप्तिका लागि

हामीले गाउँतिर नै फर्कनु परेको छ । हाम्रो ग्रामीण समाजमा सयकडौं वर्षदेखि रहेको उदासीनताको अन्त अझै भइसकेको छैन र ग्रामीण जनतामा आफ्नो अधिकार, कर्तव्यप्रति वाञ्छित मात्रामा चेतना अझ जागृत भइसकेको छैन । अशिक्षा, रोग र गरीबीले अझै पनि गाउँमा जरो गाडेकै छ । व्यवस्था अन्तर्गत गाउँ पञ्चायतहरूद्वारा गरिएका विभिन्न विकासकार्यहरू तथा यस व्यवस्थाको अभिन्न अङ्गको रूपमा सञ्चालन गरिएको भूमिसुधार जस्ता कार्यक्रमले गर्दा ग्रामीण जनतामा चेतना र गति ल्याउने दिशातर्फ हामी निश्चय नै प्रगति गरिरहेका छौं तापनि समयको माँग अनुसार अझ बढ्ता द्रुतगतिले अगाडि बढ्ने आवश्यकता आज सबैले अनुभव गरिरहेका छन् । शिक्षित, सक्षम तथा नेतृत्व दिन सक्ने व्यक्तिहरूमा गाउँ छोड्ने प्रवृत्तिले गर्दा समस्या अझ विकट हुनेछ । यस प्रवृत्तिलाई त्यागेर सबैले व्यवस्थाको लक्ष्य छिटो हासिल गर्न आफ्नो सारा ध्यान र प्रयत्न गाउँतिर केन्द्रित गर्नु पर्ने भएको छ । यसको आवश्यकता जति स्पष्ट छ यसलाई पूरा गर्न त्यत्तिकै कठीन छ र राष्ट्रियता, देशप्रेम, इमान्दारी, अनुशासन र परिश्रम गर्न

बानीद्वारा मात्र यो पूरा गर्न सम्भव हुन्छ । यस उद्देश्य-लाई पूरा गर्न आज राष्ट्रको समस्त शक्तिलाई एकत्रित र परिचालित गरी एउटा सशक्त राष्ट्रिय अभियान चलाउनु आवश्यक भएकोले को मन्त्री, को पञ्च, को शिक्षक, को विद्यार्थी, को बुद्धिजीवी, को समाजसेवी, को कर्मचारी– सबैले केही न केही आवश्यक त्याग गरी यस अभियानमा योगदान गर्नु परेको छ । अतः यस "गाउँ फर्क" कार्यक्रमलाई राष्ट्रिय अभियानको रूपमा अनुशासित, निर्देशित र नियन्त्रित ढङ्गले भाग लिन म नेपाली मात्रलाई आह्वान गर्दछु । यस अभियानमा मन्त्रीहरू, विभिन्न तहका पञ्चहरू र वर्गीय संगठनका विभिन्न तहका सदस्यहरूले अनिवार्य रूपमा भाग लिऊन् र इच्छा हुने सबै नेपाली मात्रले पनि आफ्नो क्षमता अनुसार सकभर बढी मात्रामा शरीक होऊन् भन्ने मेरो आह्वान छ। देशका असंख्य ग्रामीण जनतालाई घच्घच्याएर बिउँझाउनु, उनीहरूलाई सक्रिय गराई राष्ट्रव्यापी राष्ट्रिय नवजागरण ल्याउनु नै यस अभियानको मूल उद्देश्य हो ।

मलाई पूरा विश्वास छ कि समयको माँग पूरा गर्न

सदैव कटिबद्ध रहने तथा आफ्नो मातृभूमिको गौरव बढाउन सदा तत्पर रहने देशवासीहरू तथा व्यवस्थालाई गतिशील बनाउन दृढप्रतीज्ञ रहने सम्पूर्ण पञ्चहरू यस राष्ट्रिय अभियानमा सक्रियतापूर्वक अनुशासित ढङ्गले भाग लिन कहिले पनि पछि पर्ने छैनन् ।

# कार्यक्रम

## कार्यक्रमका मुख्य आधार निम्नलिखित छन्

१) राष्ट्रियता र राष्ट्रिय एकताको भावना सुदृढ र व्यापक बनाउने ।

२) दलविहीन पञ्चायती प्रजातन्त्रको विकल्परहित आवश्यकताको बोध गराउने र निर्दलीय भावनालाई विकसित र सुदृढ पार्ने ।

३) असंलग्न परराष्ट्र नीतिको अनुकूल आचरण गर्ने ।

४) भ्रष्टाचार, अन्याय, अत्याचार, अनावश्यक ढीलासुस्ती समाप्त गर्न अभियान चलाउने ।

५) ग्रामीण समाजमा चेतना र सक्रियता ल्याउने ।

६) चालू भूमिसुधार, मुलुकी ऐन, समाजसुधार र देशव्यापी निर्माणकार्यक्रमको सफल कार्यान्वियनमा बल पुऱ्याउने ।

७) साझा (सहकारी) भावना र कार्यक्रमको प्रचार र विस्तार गर्ने ।

८) जनजीवनमा वृक्षारोपण, वन र वन–जन्तुको रक्षा सम्बन्धी महत्त्व बोध गराउने ।

९) कृषि उत्पादनको बृद्धिमा जोड दिने ।

१०) ठाउँसुहाउँदो घरेलु उद्योगलाई प्रोत्साहन र विस्तार गर्ने भावना देशव्यापी रूपमा जागृत गराउने ।

## १. राष्ट्रियता र राष्ट्रिय एकताको भावनालाई व्यापक र सुदृढ बनाउने

**प्रत्येक नेपालीमा राष्ट्रियता र राष्ट्रिय एकताको भावना दृढ र विशाल बनाउनु आज हाम्रो परम कर्तव्य हो । यसको अभावमा नेपाली जातिको अस्तित्व रहन सक्तैन । यसको निमित्त–**

(क) देशको गौरवमय इतिहास र पुर्खाहरूका महान् चरित्रहरूप्रति जनताको हृदयमा श्रद्धा र कृतज्ञता जगाउने प्रसङ्गमा जनक, सीता, बुद्ध, अंशुवर्मा, अरणिको, राम शाह, पृथ्वीनारायण शाह, वीर बलभद्र, अमरसिंह, भीमसेन थापा, भानुभक्त, मोतिराम, श्री ५ त्रिभुवन जस्ता विभूतिहरूको गाथा प्रकाशित गरिने, खोजी गरिने, उनीहरूका नाउँमा स्कूल, कलेज, अस्पताल, शहरका नाउँ र सडकहरूको नामकरण गर्ने ।

(ख) सकेसम्म आफ्नै देशमा तयार भएका वस्तुहरूको व्यवहार गर्ने, नेपाली लुगा लगाउने ।

(ग) नेपाली भाषा सिक्ने र बोल्ने कुरामा आत्मगौरव सम्झिने ।

(घ) राष्ट्रिय झण्डा र चिन्हका नमूनाहरू वितरण गर्ने, ब्याज लगाउने ।

(ङ) आफ्नै राष्ट्रिय संस्कृति, कला, साहित्य, लोकसङ्गीत, लोकनृत्य एवं समाजका उपयोगी र अनुकरणीय रीति र स्थितिको खोजी र प्रचार गर्ने, स्थानीय वेशभूषा र स्थानीय लोकगीतको

प्रतियोगिता गराउने ।

(च) विभिन्न राष्ट्रिय चाड–पर्व र राष्ट्रिय विकास-निर्माण सम्बन्धी नेपाली डकुमेण्टरी फिल्महरू प्रत्येक सिनेमा घरमा देखाउने र गाउँ-गाउँमा पनि पुऱ्याउने ।

(छ) देशका विभिन्न भागका लोकसंस्कृति, नृत्य र चाड-पर्वसम्बन्धी झाँकीहरूका डकुमेण्टरी तयार पारेर प्रचार गर्ने ।

(ज) राष्ट्रिय एकतामा बल दिने खालका धार्मिक र नैतिक आधारमा लेखिएका लेख, कवितासम्बन्धी साहित्य प्रचार गर्ने ।

(झ) जातीय र क्षेत्रीय भावना र विचारलाई त्यागी हामी सबै गौरवमय इतिहास भएको एउटै मातृ-भूमि नेपालका सन्तान हौं भन्ने भावना राख्ने र यसको निमित्त साँस्कृतिक आदानप्रदान र एक क्षेत्रका पञ्च र संगठनका सदस्यहरूको अर्को क्षेत्रमा भ्रमण गराउने ।

(ञ) सबैले आफ्नो श्रम, शक्ति र सम्पत्ति आफ्नै राष्ट्रको विकास र उन्नति हुने काममा लगाउने र यथाशक्य कसैले पनि आपनो धनसम्पत्ति विदेशमा नराख्ने ।

## २. दलविहीन पंचायती प्रजातन्त्रको विकल्परहित आवश्यकताको बोध गराउने र निर्दलीय भावनालाई विकसित र सुदृढ पार्ने

निर्दलीय पञ्चायती प्रजातन्त्रको विकल्परहित आवश्यकताको बोध गराई निर्दलीय भावनालाई विकसित र सुदृढ गर्ने आवश्यकता छ । दलीय भावनाले राष्ट्रिय शक्तिलाई टुक्र्याउँछ र दलीय स्वार्थले राष्ट्रहितलाई बिर्साउँछ । हामीले १० वर्षको लामो अवधिका अनुभवबाट दलरहित व्यवस्थाको प्रारम्भ गरेका हौं र हाम्रो इतिहास, माटो र परम्पराको समर्थन यस व्यवस्थाले प्राप्त गरेको छ । दलबन्दी कुनै क्षेत्रमा पनि हुन दिन हुन्न । शासन र पञ्चायतका कुनै तहमा पक्षपात हुन दिन हुन्न । यसको निमित्त–

१. निर्दलीय पनको अनुरुप आचरण गर्ने ।
२. सभा र गोष्ठीद्वारा निर्दलीयताको अर्थ बुझ्ने र बुझाउने ।
३. पक्षपात, गूटबन्दी र दलीय भावनालाई निर्मूल पार्ने ।

४. पञ्चायत र वर्गीय संगठनहरूमा एवं समाजका अन्य क्षेत्रमा पनि समूहको महत्त्व कायम गराउने प्रयास गर्ने र सामूहिक नेतृत्वमाथि आस्था बढाउने ।

## ३. असंलग्न परराष्ट्र नीतिको अनुकूल आचरण गर्ने

**असंलग्नता, सहअस्तित्व र शान्तिप्रियता नेपाली परराष्ट्र नीतिका प्रमुख र अभिन्न अङ्ग हुन् । नेपाल सबैसंग मित्रता र सौहार्दता चाहन्छ र खासगरी नगीचका छिमेकीहरूसंग मित्रता, समझदारी र शान्तिपूर्ण वातावरणमा बस्ने नेपालको स्थायी आकांक्षा छ । हामी कुनै सैनिक वा राजनीतिक गूटबन्दीमा लाग्दैनौं । गूटबन्दीमा संलग्न रहनु पञ्चायतको उद्देश्य र क्रियाकलापको विपरीत हुन्छ । इतिहासले र भौगोलिक स्थितिले पनि यसको समर्थन गर्दैन । यसको निम्ति–**

१. सबै स्वदेशी-विदेशीसंग कुरा गर्दा आफ्नो देश, राजसंस्था, व्यवस्था, कला, सभ्यता आदि विषयमा आस्था र विश्वासका साथ कुरा गर्ने ।

२. विभिन्न विश्वसमस्याहरूमा नेपालले लिएको नीति नेपालीहरूले बुझ्न रुचि राख्ने ।
३. प्रत्येक नेपालीले राष्ट्रहितलाई मनमा राखेर स्वदेशी–विदेशीसंग शिष्टता र दृढताका साथ व्यवहार गर्ने ।
४. पञ्चायत व्यवस्थाबारे स्वदशी-विदेशीसंग कुरा गर्दा पञ्चायती व्यवस्था अन्तर्गत प्राप्त महान् सामाजिक र आर्थिक उपलब्धिको उल्लेख गर्ने ।
५. सबैसंग शान्ति र मित्रतापूर्वक रहने हाम्रो नीति भएकोले सबै राष्ट्रहरूप्रति सद्भावना राखी चर्चा गर्ने ।

४. भ्रष्टाचार, अन्याय, अत्याचार र अनावश्यक ढीला-सुस्ती समाप्त गर्ने अभियान चलाउने

**भ्रष्टाचार, अन्याय, अत्याचार, अनावश्यक ढीला-सुस्ती समाप्त गर्नु आजको माँग छ । अनुचित तरीकाले आर्थिक लाभ गर्नु, सरकारी र सार्वजनिक सम्पत्तिको हानि–नोक्सानी गर्नु, जाल र फट्याइँद्वारा जनतालाई दुःख र हैरानी दिनु अधिकारप्राप्त व्यक्तिले**

अनावश्यक ढीला-सुस्ती गर्नु, अनुचित दवाब तथा प्रभाव पार्नु र अधिकार तथा सुविधाको दुरूपयोग गर्नु, चोर-बजारी गर्नु, विकास-निर्माणकार्यको रकम दुरूपयोग गर्नु र घूस लिनु वा दिनु आदि दुर्गुणहरू भ्रष्टाचार हुन् ।

भ्रष्टाचार, अन्याय, अत्याचार र अनावश्यक ढीला-सुस्ती समाप्त गर्न राष्ट्रव्यापी अभियान चलाउनु परेको छ । व्यवस्था र यसका आधारभूत सिद्धान्तहरूको आलोचना अथवा विरोध नहुने गरी भ्रष्टाचार, अन्याय, अत्याचारसंग सम्बन्धित व्यक्ति र उसको कारवाइको विरोधमा पञ्चायतको माध्यमद्वारा जनभावनालाई जागृत गराइनेछ। भ्रष्टाचार, अन्याय, अत्याचार गर्नेहरूको विरुद्ध पञ्चायतद्वारा जनमत व्यक्त गर्ने अभियान चलाई भ्रष्टाचारी प्रवृत्तिलाई हतोत्साह गर्नुपर्छ । आवश्यकतानुसार अन्यायी र अत्याचारीलाई सामाजिक वहिष्कार पनि गर्नुपर्छ । तर घृणाको भावना होइन, सुधारको प्रवृत्ति रहनु पर्दछ। यस्तो अभियान चलाउँदा अनेक समस्याहरू पैदा हुने सम्भावना पनि हुन्छ। भ्रष्टाचार र अन्याय भएकोमा त्यसको ढाकछोप गर्ने प्रयत्न भएको अथवा व्यक्तिगत ईर्ष्या र द्वेषको आधारमा

भ्रष्टाचार र अन्यायको आरोप लगाइएको भन्ने समस्या खडा भएमा त्यसको निराकरण अञ्चल समितिद्वारा हुनुपर्दछ।

भ्रष्टाचार, अन्याय, अत्याचारको सम्बन्धमा उजूर वा प्रतिवेदनहरू जिल्ला समितिमा दिनु पर्दछ र अभियान सञ्चालन गर्ने जिल्ला समितिका पञ्चहरूसमक्ष पनि भ्रष्टाचार सम्बन्धी उजूर दिए हुन्छ।

यस्तो स्थितिमा–

१. गाउँ पञ्चायतस्तरबाट समाधान गर्न सकिने जति तुरुन्त गाउँ पञ्चायतबाट समाधान गराउनु पर्दछ।
२. गाउँ पञ्चायतबाट गर्न नसकिने समाधान जिल्ला समितिहरूबाट तुरुन्त हुनुपर्छ।
३. जिल्लास्तरीय पञ्च वा वर्गीय संगठनका सदस्यहरू एवं कर्मचारीको सम्बन्धमा उठेको भ्रष्टाचार सम्बन्धी प्रश्नलाई जिल्ला समितिले आफैं समाधान गर्न नसक्ने भयो भने अञ्चल समितिसमक्ष लगेर आवश्यक कारवाई गर्नुपर्छ।
४. अञ्चलाधीश वा अञ्चलस्तरीय पञ्च एवं वर्गीय संगठनको समस्या अञ्चल समितिबाट समाधान हुन नसक्नेमा तुरुन्त केन्द्रीय स्तरमा सूचना गर्नुपर्दछ।

अभियानका सम्बन्धमा प्रचार निम्नलिखित प्रकारको हुनेछ:–

१) सर्वप्रथम राष्ट्रिय पञ्चायत सदस्यले जिल्ला पञ्चायत र वर्गीय संगठनका कार्यकर्ताको संयुक्त सम्मेलनमा ।

२) राष्ट्रिय पञ्चायत सदस्य र जिल्ला पञ्चायतका सदस्य एवं कार्यकर्ता समेत भएर गाउँ पञ्चायत, गाउँ सभा र अन्य जनसभाहरूमा ।

३) मन्त्रीहरूले अञ्चल तथा जिल्ला प्रशासकहरूको गोष्ठीमा र अन्य सभाहरूमा अभियानको उद्देश्यको सम्बन्धमा बोध गराएर ।

४) पर्चा र पोष्टर एवं पत्रपत्रिका तथा साँस्कृतिक प्रदर्शन र गीतद्वारा ।

५. ग्रामीण समाजमा चेतना र सक्रियता ल्याउन

**देशकल्याणको कार्यक्षेत्र गाउँहरूमा व्याप्त छ र पञ्चायती व्यवस्थाको कर्मभूमि गाउँहरूले नै बनेको छ भन्ने सत्य र समयको माँगलाई राम्रोसंग बुझी पञ्चायत र वर्गीय संगठनलाई बढी सचेत र सक्रिय बनाउनलाई निम्नाङ्कित काम गर्ने–**

(क) पञ्चहरूले खासगरी उपल्लो तहकाले स्थानीय विकास र निर्माणको काममा र सुधारको कार्यक्रममा श्रमदानी र स्वयंसेवक बनी सक्रिय भाग लिने ।

(ख) सबै पञ्चहरू र वर्गीय संगठनका सदस्यहरूले आफ्नो जीवन सादा र आचरण स्वच्छ राखी समाजसेवाको भावनाले काम गर्ने तथा यसको प्रतिकूल काम गर्नेको विरुद्ध जनजागृतिको नैतिक बलको प्रयोग गरी सामाजिक वहिष्कारको अभियान चलाउने ।

(ग) नैराश्य, निरुत्साह, खराब नियत, कुभावना, अन्याय, अत्याचार र भ्रष्टाचारलाई समाप्त पार्न पञ्चायतमा नैतिक बल, संगठनात्मक शक्ति र नवीन चेतनाको सृजना गर्ने ।

(घ) गाउँका समस्याहरूको समाधान गर्न तथा गाउँबाट भाग्न लागेको युवा, समर्थवान् र शिक्षित तत्त्वको मनमा गाउँहरूप्रति आकर्षण र अनुराग उत्पन्न गराउन ठोस, व्यावहारिक र प्रभावकारी ग्रामोन्मुख योजना, कार्यक्रम र अभियानको सृजना र सञ्चालन गर्ने ।

(ङ) गाउँस्तरमा गरिने समाजसेवा, श्रमदान, त्याग, सक्रियताको कदर गरी बढी पुरष्कृत र प्रशंसनीय बनाउने योजनाहरू गर्ने ।

(च) राष्ट्रिय जागरण र राष्ट्रिय उत्थानको काममा पञ्चायतहरूलाई बढी सचेत, सक्रिय र लगनशील बनाउने उद्देश्यले तालीम र प्रशिक्षणको आयोजना गर्ने ।

(छ) महाविद्यालय र माध्यमिक विद्यालयस्तरका अध्यापक र विद्यार्थीहरूले गाउँमा गई गाउँ पञ्चायतहरूलाई सक्रिय गराउन सहायता गर्ने तथा कमसेकम एउटा समाजसेवाको कार्यक्रम वा श्रमदानमा भाग लिएर र अन्य तरीकाले पनि अभियानमा सहायता गर्ने ।

(ज) शहरमा बस्ने अरू व्यवसायमा रहेका व्यक्ति र बुद्धिजीवी र समाजसेवीहरूले पनि आफ्नो अनुकूल अनुसार गाउँमा गई समाजसेवाको कार्यक्रममा र अभियानमा भाग लिने ।

(झ) गाउँमा रहेका शिक्षकहरूले गाउँ पञ्चायतको कार्यक्रममा भाग लिने र अभियानमा सहायता गर्ने ।

## ६. चालू भूमिसुधार, मुलुकी ऐन, समाजसुधार र देशव्यापी निर्माणकार्यक्रमको सफल कार्यान्वयनमा बल पुऱ्याउने

कुनै पनि राजनीतिक व्यवस्थालाई मजबूत पार्न देशको आर्थिक पृष्ठभूमि बलियो पार्नु पर्छ । औद्योगिक क्षेत्रमा विकास नभई देशमा आर्थिक समृद्धि आउन सक्दैन । कृषि नै एक मात्र धन्दा भएको हाम्रो देश हुनाले भूमि-सुधारकै माध्यमबाट हामी औद्योगिक क्षेत्रमा प्रवेश गर्न थालेका छौं । अब भूमिसुधार कार्यक्रमकै सफल कार्यान्वयनमा मात्र हाम्रो अर्थव्यवस्था बलियो हुन सक्छ र औद्योगिक विकास पनि सम्भव छ । भूमिसुधारको माध्यमबाट हामीले शोषणरहित समाज कायम गर्न खोजेका छौं । यस स्थितिमा यस कार्यक्रमलाई सफल पार्न आफ्नो सम्पूर्ण शक्ति लगाउनु परेको छ । यस्तै मुलुकी ऐन, समाजसुधारका अन्य कार्यक्रम र देशनिर्माणको निम्ति गरिएको ठूलठूला योजनाको महत्त्व पनि जनसमक्ष पुऱ्याउनु परेको छ । यसको निमित्त निम्नलिखित काम गर्नु छ–

क) लुकाएर राखेको हदबन्दीभन्दा बढी जग्गा वास्तविक रूपमा पत्ता लगाई सम्बन्धित अधिकारीलाई सूचना दिने ।

ख) वास्तविक मोहीलाई प्रमाणपत्र दिलाउने ।

ग) बेदखल गरिएका मोहियानी हक फिर्ता गराइदिने र बेदखल गर्ने प्रवृत्ति रोक्ने ।

घ) "बचत" को महत्त्व दर्शाएर त्यसको सदुपयोगमा ध्यान दिने ।

ङ) भूमिसुधारको उद्देश्य र आवश्यकताबारे व्यापक रूपमा प्रचार गर्ने ।

च) पूर्व–पश्चिम राजमार्गको राष्ट्रिय महत्त्वबारेमा जनतालाई बोध गराउने ।

छ) बहुविवाह, बालविवाहको विरुद्ध सामाजिक चेतना जगाउने र त्यस्तो विवाह गर्ने मानिसको सामूहिक वहिष्कार गर्ने।

ज) जुवा खेल्नु समाज र देशको लागि घातक हो भन्ने तथ्यको सबैलाई बोध गराई यसको विरुद्ध

सामाजिक अभियान गर्ने ।

झ) विवाह, ब्रतबन्ध, उत्सव र चाड-पर्वमा अनावश्यक र बढी खर्च नगर्ने र आफ्नो हैसियतले नभ्याउने गरी अरूको देखासिकी नगर्ने ।

ञ) भोग-विलास, शृङ्गार र पहिरनको विषयमा अरूको नक्कल गर्ने सामाजिक आडम्बरलाई त्याग्ने र सादा, स्वच्छ र स्वस्थ जीवनमा आफ्नो इज्जत र देशको मर्यादा सम्झने वातावरण तयार गर्ने ।

## ७. साझा (सहकारी) भावना र कार्यक्रमको प्रचार र विस्तार गर्ने

**वर्गसमन्वय र निर्दलीयता अँगालेको पञ्चायती प्रजातन्त्रको लागि उपयुक्त, आवश्यक र कल्याणप्रद अर्थ-व्यवस्था नै साझा हो । सबैको कल्याण, सबैको सुख, सबैको समृद्धि र सबैको समन्वयात्मक विकासको आधार-भूत आदर्श भएको साझा अर्थव्यवस्था शोषणरहित र संघर्षरहित समाजको सृजना गर्ने लक्ष्य भएको पञ्चायती व्यवस्थाको एक अभिन्न अङ्ग हो । साझा व्यवस्था र पञ्चायती व्यवस्था एक अर्काको सहयोगी र पूरकका रूपमा**

छन् । यसको लागि निम्नाङ्कित काम गर्ने :–

(क) साझा अर्थव्यवस्थाको सिद्धान्त र त्यसको नेपालको लागि नभई नहुने आवश्यकता तथा औचित्यको व्यापक बोध गराई नेपाली जनताको आस्था र विश्वास सहकारितामा जगाउने ।

(ख) पञ्चायती प्रजातन्त्र र साझा अर्थव्यवस्थाको आपसी मेल, त्यसको बीचको पारस्परिक सहयोग, त्यसमा रहेको अन्योन्याश्रित अवस्था तथा त्यसको परस्परको परिपूरकताको सैद्धान्तिक र वैज्ञानिक खोजी तलासी गरी पञ्चायती प्रजातन्त्रमा साझा अर्थव्यवस्थाको सर्वमान्यता र विकल्परहित आवश्यकताको औचित्य सबैलाई बोध गराउने ।

(ग) गाउँ वा माथिल्लोस्तरमा साझा संस्थाहरू खोल्ने र चलिरहेका संस्थाहरूको उन्नतिका लागि प्रयत्न गर्ने ।

(घ) साझा अर्थव्यवस्थालाई जनप्रिय बनाउने उद्देश्यले कार्यक्रम, गोष्ठी, भाषण, प्रदर्शन र अभियानको आयोजना गर्ने । सबैलाई अनिवार्य बचत र अरू चलेका सहकारिताका कार्यक्रमहरूको बोध गराउने ।

(ङ) सबैले साझा संस्थाहरूलाई अपनाउने र साझा अभियानमा सक्रिय सदस्य भई काम गर्ने ।

(च) साझा संस्थाहरूमा पैसा लगाउने र अरूहरूलाई पनि सम्झाई-बुझाई साझा संस्थाको हिस्सा (शेयर) किन्न लगाउने ।

(छ) सबै पञ्चहरू र वर्गीय संगठनका सदस्यहरूले साझा अभियानमा विशेष सक्रिय रहने र अरू-हरूको लागि उदाहरण बन्ने ।

(ज) साझा अभियानलाई राष्ट्रव्यापी जनअभियानको रूप दिने र यसको विपरीत काम कुरा र कारवाई गर्नेलाई सही, तर्कयुक्त तथा उचित जवाफ दिने ।

## ८, जनजीवनमा बृक्षारोपण, वन र वनजन्तुको रक्षा सम्बन्धी महत्त्व बोध गराउने

(क) वन-जंगलको राष्ट्रिय महत्त्व सबैलाई बोध गराउने ।

(ख) वन-जंगलको सुरक्षा गर्ने काम एउटा पवित्र राष्ट्रिय काम हो भन्ने भावना र चेतना जनजीवनमा ल्याउनको लागि अभियान बढाउने ।

(ग) वन-जंगल नाशगर्ने काम देशघाती तथा राष्ट्र-

विरोधी काम हो भन्ने दृष्टिकोण जनतामा सृजना गर्ने र वन-जंगलको नाशगर्नेलाई सामाजिक वहिष्कार गर्ने आशयले सामूहिक र व्यापक अभियान गर्ने ।

(घ) वृक्षारोपण अभियानलाई जन-अभियानको रूप दिने र सामूहिक तथा व्यक्तिगत रूपमा वृक्षारोपण गर्नेहरूको कदर गर्ने। बीउ र बिरूवा वितरण गर्ने।

(ङ) पञ्चायत र वर्गीय संगठनको क्रियाशीलताको एउटा प्रमुख मापदण्ड वृक्षारोपण र वनजंगलको सुरक्षालाई तोक्ने । प्रत्येक गाउँ पञ्चायतमा वनमहोत्सवहरू मनाउने ।

(च) सबै पञ्च र वर्गीय संगठनका सदस्यहरूले वृक्षा-रोपण र वन-जंगलको सुरक्षामा विशेष अभिरुचि देखाउने ।

(छ) वृक्षारोपण, वन र वनजन्तुको सुरक्षाको काम एउटा पवित्र राष्ट्रिय कर्तव्य हो भन्ने भावना जन-साधारणमा जगाई सो काम गर्नमा पञ्चायतहरूको बीचमा स्वच्छ प्रतियोगिताको सृजना गर्ने र वन-जंगलको चोरी र नाशगर्नेलाई सार्वजनिक नजरबाट

गिराउने गरी निजको विरोध गर्ने, निन्दा गर्ने र वहिष्कार गर्ने तत्परता र सक्रियता जनजीवनमा ल्याउने ।

(ज) नेपालमा अमूल्य वनजन्तुहरू छन् । जंगल पातलो हुँदै जाँदा जंगली जन्तु पनि मासिंदै जानु स्वाभाविक हुन्छ । वनजन्तु हाम्रो ठूलो राष्ट्रिय सम्पत्ति हो । वन मास्नु र वनजन्तु जथाभावी मार्नु ठूलो अपराध हो भन्ने कुरा आज प्रत्येक नेपालीमा बोध गराउनु छ ।

## ६. कृषि उत्पादनवृद्धिमा जोड दिने

**दिनहुँ बढ्दो जनसंख्या र सोही क्रममा बढी राखेको जनताका माँगहरूको अनुपातमा हाम्रो उत्पादन बढ्न सकेको छैन । खाद्यान्नको विषयमा सँधैं स्वावलम्बी रहेको देशको सम्पूर्ण पहाडी क्षेत्रको अधिकांश भाग अब अभावग्रस्त हुँदैछ । यसले देशको लागि एउटा समस्या खडा गरेको छ । बढी उत्पादन गर्नु समयको मांग हो । बढी उत्पादनको लागि देशव्यापी अभियान गर्नुपर्ने बाध्यता, आवश्यकता र अवस्था परेको छ । यसका लागि**

निम्नाङ्कित काम गर्नेः–

(क) बढी उत्पादनको शिल्प, तरीका र साधनहरू सर्वसाधारणको लागि बोध र उपलब्ध गराउने।

(ख) एक बालीको सट्टा बढी बाली लगाउने अभियान चलाउने। संभव हुने क्षेत्रमा हिउँदे खेती अनिवार्य गराउने।

(ग) बढी उत्पादनको आवश्यकताबारे सरल तरीकाले सर्वसाधारण जनताले बुझ्ने गरी प्रचार गर्ने र बढी उत्पादनमा जनताको जोश र जाँगर उत्साह-पूर्वक लगाउने।

(घ) बढी उत्पादन गर्नेहरूको कदर गर्ने र बढी उत्पादन गर्ने वातावरणलाई व्यापक बनाउने। पुरस्कार, प्रतियोगिता, प्रदर्शनी आदिको व्यवस्थाद्वारा कृषकहरूलाई प्रोत्साहन दिने। पञ्चायतहरूको बीचमा पनि बढी उत्पादनको प्रतियोगिता गराउने।

(ङ) फलफूल खेती, घरेलु उद्योग र पशुपालनको ठाउँ सुहाउँदो योजना बनाई सो विषयको उत्पादन बढाउने।

## १० ठाउँसुहाउँदो घरेलु उद्योगलाई प्रोत्साहन र बिस्तार गर्ने भावना देशव्यापी रूपमा जागृत गराउने

(क) घरेलु उद्योगको महत्त्व र उपयोगिताको बोध सबैलाई गराउने ।

(ख) स्वयं घरेलु उद्योगको उत्पादनको प्रयोग गर्ने र अरूलाई प्रयोग गर्न प्रोत्साहित गर्ने ।

(ग) नेपालको अवस्था र वस्तुस्थितिमा घरेलु उद्योगको उपयुक्तता र आवश्यकतालाई सबैले बुझ्ने गरी प्रकाशमा ल्याउने ।

(घ) परम्परादेखि रहेको लघुउद्योग र मौरीपालन जस्ता कार्यलाई प्रोत्साहित गरी देशको शिल्पलाई पुन: उत्थान गर्ने प्रबन्ध मिलाउने ।

(ङ) श्रमको महत्त्व सबैलाई बुझाउने गरी व्यापक प्रचार गर्ने ।

(च) राष्ट्रियता, देशको आर्थिक विकास तथा स्वावलम्बनको निम्ति घरेलु उद्योगको महत्त्व र आवश्यकता जनसाधारणलाई बुझाउने उद्देश्यले

मेला, प्रदर्शनी र प्रचारको आयोजना गर्ने काममा पञ्चायतहरूले सक्रिय भाग लिने र घरेलु उद्योगलाई व्यापक र जनप्रिय बनाउनको लागि जन-अभियान गर्ने ।

# अभियानसम्बन्धी अन्य कार्यक्रम र कार्यविधि

## १. प्रधानमन्त्री, राष्ट्रिय पञ्चायतका अध्यक्ष, सबै मन्त्रीहरू र राष्ट्रिय पञ्चायतका उपाध्यक्षले अनिवार्य रूपमा गर्नु पर्ने काम

(१) आफ्नो सम्बन्धित गाउँ पञ्चायतको क्षेत्रमा गई वर्षभरिमा कम्तीमा ७ दिन त्यहाँ बस्ने ।

(२) सो बेला गाउँ सभा र गाउँ पञ्चायतमा भाग लिने।

(३) गाउँ पञ्चायतको क्षेत्रमा विकास, निर्माण वा सुधारको काममा स्वयंसेवक बनी श्रमदान गर्ने ।

(४) व्यवस्था र व्यवस्थाका प्रमुख कार्यक्रमलाई बोध गराउने ।

(५) त्यहाँको स्थिति अध्ययन गर्ने र "गाउँ फर्क" अभियानलाई सक्रिय गराउने ।

(६) स्थानीय जनतासंगसंगै सभा, गोष्ठी र सांस्कृतिक कार्यक्रममा भाग लिने ।

## उपर्युक्त कामकाज गर्दा निम्नांकित तरीकाहरू अपनाउने:—

(१) कुनै पनि सरकारी सुविधाको प्रयोग नगर्ने ।

(२) स्थानीय वासिन्दासरहै सादा तरीकाले रहने ।

(३) स्थानीय वासिन्दाहरूको लागि उपदेशकभन्दा बढी उदाहरण बन्ने ।

(४) माल्यार्पण, स्वागतभाषण तथा भोजको आयोजन नगराउने ।

(५) सरकारी कर्मचारीहरू, पत्रकारहरू तथा बेसरोकारका व्यक्तिहरूलाई पछाडि नलगाउने ।

(६) शङ्कास्पद चरित्र, बदनाम र जनताले नरुचाउने व्यक्तिको आतिथ्य स्वीकार नगर्ने ।

(७) आफूले गरेको कामको लिखित प्रतिवेदन प्रस्तुत गर्ने ।

## राष्ट्रिय पञ्चायतका सदस्यहरूले गर्नुपर्ने अनिवार्य काम

१. जिल्लाको वस्तुस्थिति अध्ययनभ्रमणको आफ्नो एक महीने कार्यक्रम लिखित रूपमा जिल्ला पञ्चायतलाई जानकारीको निमित्त दिने ।

२. राष्ट्रिय पञ्चायतको एक अधिवेशनको समाप्ति र अर्को अधिवेशनको प्रारम्भको बीचमा कम्तीमा १५ दिन आफ्नै गाउँ पञ्चायत क्षेत्रमा रहेर निम्नलिखित काम गर्ने–

(क) सर्वप्रथम गाउँ पञ्चायतको बैठकमा भाग लिएर सरकारको नीति, कार्यक्रम र राष्ट्रिय अभियानबारे अवगत गराउने ।

(ख) त्यसपछि गाउँसभामा भाग लिएर उक्त कुराहरू व्यापक रूपमा जानकारी गराउने

र गाउँको उन्नतिको लागि कुनै नयाँ उपाय र सम्भावनाको खोजी र चर्चा गर्ने ।

(ग) लगातार ३।४ दिनसम्म गाउँ पञ्चहरूलाई पञ्चायतका ऐन–नियम र कार्यविधिबारे सम्झाउने ।

(घ) कमसेकम गाउँको कुनै एक निर्माणकार्यमा स्वयं श्रमदान गरेर स्थानीय जनतालाई उत्साहित पार्ने ।

(ङ) गाउँका शिक्षण संस्था र बुद्धिजीवीहरूको मेलामा-राष्ट्रिय अभियानका बारेमा प्रवचन गर्ने

३. जिल्लाको वस्तुस्थिति अध्ययनभ्रमणको आफ्नो एक महीनाको कार्यक्रम समाप्त हुनासाथ त्यसको प्रतिवेदन रा. पं. सचिवालयमा पठाउने । प्रतिवेदनमा निम्न विषयहरू हुनु पर्नेछन्–

(क) कुन कुन जिल्लाको कुन कुन गाउँ पञ्चायतको कति दिन भ्रमण गरेको,

(ख) कुन कुन गाउँमा सभा, गोष्ठी वा प्रवचन, तालीम दिएको र निर्माण–विकास कार्यमा श्रमदान गरेको ।

(ग) कुन कुन गाउँ पञ्चायतमा मुख्यतया के के समस्याहरू रहेछन् र ती मध्ये कुन कुन कसरी समाधान गरेको वा गर्न सकिन्छ भन्ने सुझाव दिने ।

(घ) भ्रमण गरेका गाउँ पञ्चायतमध्ये विशेष सक्रिय कुन कुन गाउँपञ्चायत रहेछन्, तिनमा कुन कुन विकास-निर्माण भइरहेका र पूरा भइसकेका छन् ।

(ङ) स्थानीय प्रशासन, वर्गीय संगठन र पञ्चायतको के कस्तो पारस्परिक सम्बन्ध एवं धारणा छ र उक्त तीनै थरीको कार्यकलापप्रति ग्रामजनताको के प्रतिक्रिया छ।

(च) कृषि उत्पादनबृद्धि, सामान्य निर्माणकार्य र शान्ति–सुरक्षा के कस्तो छ ।

## ३. राष्ट्रिय पञ्चायत सदस्यहरूको कार्यविधि, संयुक्त सम्मेलन र क्षेत्रीय सम्मेलन इत्यादि

**राष्ट्रिय पञ्चायतको प्रत्येक अधिवेशनको समाप्ति-पछि अञ्चल अञ्चलका राष्ट्रिय पञ्चायत सदस्यहरूको**

राजधानीमा बेग्ला बेग्लै बैठक हुने छन् । बैठकमा आफ्नो जिल्लामा चलाइने "गाउँ फर्क" राष्ट्रिय अभियान कार्यक्रमको सफल कार्यान्वयनको लागि छलफल गरी कुन जिल्लामा को जाने भन्ने समेत निर्णय गरी जिल्लातर्फ प्रस्थान गर्नेछन् ।

## जिल्ला पञ्चायतको बैठक गर्नुपर्ने

१) राष्ट्रिय पञ्चायत सदस्य सम्बन्धित जिल्लामा पुगेपछि जिल्ला पञ्चायतको बैठक बस्नेछ ।

क) उक्त बैठकमा राष्ट्रिय पञ्चायत सदस्यले राष्ट्रिय अभियानको कार्यक्रमबारे विस्तृत रूपमा जानकारी दिने र राष्ट्रिय पञ्चायतले स्वीकृत गरेका ऐन, नियम र प्रस्तावहरू एवं त्यसको उपलब्धि तथा महत्त्वलाई लिखित रूपमा बोध गराउने कर्तव्य हुनेछ ।

ख) उक्त बैठकले जिल्लाका सम्पूर्ण गाउँ पञ्चायतलाई ९ भागमा विभाजित गरी अभियान कार्यक्रमलाई राम्रो सञ्चालन गर्न १।१ सदस्यको जिम्मा १।१ क्षेत्र दिनेछ ।

२) क) पूर्व निश्चित कार्यक्रम अनुसार जि. पं. को उक्त बैठकको लगत्तैपछि जि. पं. को आयोजनामा जिल्लास्तरीय पञ्चायत (जिल्ला पञ्चायत) र वर्गीय संगठनको (जिल्ला कार्य समिति) संयुक्त सम्मेलन हुनेछ । यस सम्मेलनमा सम्बन्धित जिल्लाबाट विभिन्न वर्गीय संगठनका अञ्चल र केन्द्रीय कार्य समितिमा निर्वाचित र मनोनीत सदस्यले समेत अनिवार्य रूपमा भाग लिनेछन् र सम्मेलनमा प्रत्येक राष्ट्रिय पञ्चायत सदस्यले रा. पं. को अधिवेशनबाट स्वीकृत महत्त्वपूर्ण ऐन र त्यसका उपलब्धि, श्री ५ को सरकारको नीति र कार्यक्रमको साथै राष्ट्रिय अभियानका कार्यक्रम र महत्त्व बारे जानकारी दिनेछन् । यस सम्मेलनमा प्रस्तावित अभियान कसरी प्रभावकारी रूपमा सञ्चालन गर्ने भन्ने बारेमा एउटा कार्यक्रम तयार पारिनेछ

ख) माथि दफा १ को (ख) अनुसार जि. पं. द्वारा ६ भागमा विभाजित क्षेत्रका सदस्य र विभिन्न वर्गीय संगठनका सदस्य समेतका टोलीहरू बनाई जिल्ला अभियान सञ्चालक समितिले आवश्यक निर्देशन समेत दिई ती विभाजित क्षेत्रहरूमा पठाउनेछ।

## क्षेत्रीय सम्मेलन

३) क्षेत्रीय टोलीले आफ्नो क्षेत्रभित्रका गाउँ पञ्चायतका प्रधान पञ्च, जिल्ला सभा सदस्य र त्यस क्षेत्रभित्रका विभिन्न वर्गीय संगठनका कार्यकर्ताहरूको संयुक्त सम्मेलन सुविधानुसार त्यस क्षेत्रको बीचमा पर्ने कुनै ठाउँमा बोलाउनेछ।

क) उक्त सम्मेलनमा राष्ट्रिय अभियान सम्बन्धी कार्यक्रमका बुँदाहरू र जिल्ला पञ्चायतका महत्त्वपूर्ण विकास र निर्माणकार्यहरूका बारेमा टोलीका सदस्यहरूले विस्तृत रूपमा

जानकारी दिनेछन् र अभियान कार्यक्रम गाउँ-गाउँमा पुऱ्याउने अठोट गर्नेछन् ।

ख) क्षेत्रीय सम्मेलन समाप्त भएपछि टोलीहरूले सम्मेलनको गतिविधि र उपलब्धिबारे जिल्ला पञ्चायत र जिल्ला अभियान सञ्चालक समितिमा प्रतिवेदन पठाउनेछन् र टोली गाउँ-गाउँ तिर लाग्नेछन् ।

ग) तत्पश्चात् माथि दफा १, २, र ३ मा उल्लिखित पञ्च र कार्यकर्ताहरूले तोकिएको अनिवार्य कर्तव्य पूरा गर्नुको साथै बराबर जिल्ला पञ्चायत र जिल्ला अभियान सञ्चालक समितिमा आफ्नो क्रियाकलापको प्रतिवेदन पेश गर्नेछन् ।

## ४. जिल्ला पञ्चायतका सभापति र उप-सभापतिले अनिवार्य रूपले गर्नुपर्ने काम

१) प्रत्येक छ महीनामा जिल्ला पञ्चायत सभापति र उप-सभापतिले आफ्नो गाउँ पञ्चायतमा गएर कमसेकम १५ दिनसम्म बसेर निम्नलिखित

कार्यहरू अनिवार्य रूपले गर्नेछन् :–

क) गाउँ पञ्चायतको बैठकमा भाग लिएर पञ्चायतका महत्त्वपूर्ण निर्णयहरू अवगत गराउने।

ख) गाउँ सभाको बैठकमा भाग लिएर उक्त कुराहरू र राष्ट्रिय अभियानका कार्यक्रमबारे व्यापक रूपमा जानकारी दिने।

ग) गाउँको कुनै एक निर्माणकार्यमा गाउँलेका साथ स्वयं श्रमदान गर्ने।

घ) गाउँ पञ्चायतका पञ्चहरूलाई सम्बन्धित ऐन, नियम, काम-कर्तव्यबारेमा बोध गराउने।

ङ) गाउँ पञ्चायत अन्तर्गत शिक्षण संस्थामा स्थानीय शिक्षक, छात्रवर्ग र बुद्धिजीवीहरूको संयुक्त भेलामा "राष्ट्रिय अभियान" को बारेमा प्रवचन गर्ने।

२) विशेष अवस्था बाहेक जि. पं. सभापति र उपसभापतिमध्ये एक जनाले जिल्ला पञ्चायत कार्यालय नछाड्ने गरी आवश्यकता अनुसार पालैसंग जिल्ला भ्रमण गर्ने। यसरी गरिने भ्रमणको अवधि वर्षको कमसेकम ६० दिन हुनुपर्छ। सो

समयमा आफ्नो जिल्ला भ्रमणको क्रममा जिल्लामा चलेका विकासकार्य र योजनाहरू ठीकसंग चले नचलेको रेखदेख गर्नु पर्नेछ र जिल्ला पञ्चायतका सदस्यहरूलाई सुम्पिइएको कार्य उनीहरूले पूरा गरे नगरेको समेतको निरीक्षण गरी आवश्यक सरसल्लाह एवं निर्देशन समेत दिनु पर्नेछ ।

## ५. जिल्ला पञ्चायतका सदस्यहरूले गर्नुपर्ने अनिवार्य काम

१) प्रत्येक ६ महीनामा जिल्ला पञ्चायतको बैठक-पछि जिल्ला पञ्चायत सदस्यले आफ्नो क्षेत्रभित्रका प्रधान पञ्च र जिल्ला सभा सदस्यहरूको संयुक्त सम्मेलनमा भाग लिएर निम्नलिखित काम गर्नेछन्:—

क) आफ्नो गाउँ पञ्चायतको बैठकमा भाग लिएर पञ्चायतका सम्बन्धित निर्णय र कार्यक्रम कार्यान्वित गर्नेबारे बोध गराउने र राष्ट्रिय अभियानबारे विस्तृत जानकारी दिने ।

ख) आफ्नै गाउँ पञ्चायत बाहेक आफ्नो क्षेत्र-

भित्रको कुनै एक गाउँ पञ्चायतको बैठकमा भाग लिएर पञ्चायतका सम्बन्धित विषय कार्यान्वित गर्नेबारे अवगत गराउने र अभियानसम्बन्धमा बताउने ।

ग) आपनो गाउँको कुनै एक निर्माणकार्यमा गाउँलेका साथ स्वयं श्रमदान गर्ने ।

२) जिल्ला पञ्चायतका प्रत्येक सदस्यले वर्षको २ पटक आफ्नो क्षेत्रका सबै गाउँ पञ्चायतहरूको भ्रमण गरी यथासम्भव तत् पञ्चायतको बैठक र सभामा भाग लिई निम्न कार्यहरू गर्नेछन्:-

क) गाउँ पञ्चायत एवं गाउँ सभाको कुनै काम कारवाइ अनियमित रहेछ भने ऐन, नियम र कार्यविधि समेत बोध गराउने एवं सल्लाह दिने ।

ख) जिल्ला पञ्चायतका निर्णयहरू अवगत गराउने र गाउँस्तरीय योजनाहरूको निरीक्षण एवं रेखदेख गर्ने ।

ग) राष्ट्रिय अभियान कार्यक्रमबारे बताउने ।

घ) उक्त दफा १ को खण्ड क,ख, ग मा उल्लिखित

काम समाप्त हुनासाथ आफ्नो सम्पूर्ण क्रियाकलापको प्रतिवेदन जिल्ला पञ्चायत र जिल्ला अभियान सञ्चालक समितिमा समेत १।१ प्रति पठाउने ।

## ६. गाउँ पञ्चायतका पञ्चहरूले गर्नु पर्ने अनिवार्य काम

१) जिल्ला सभाको प्रत्येक अधिवेशनको समाप्तिपछि जि. सभाका सदस्यले अधिवेशनका निर्णयहरू र त्यसको उपलब्धि आफ्नो गाउँ पञ्चायत र गाउँले-लाई अवगत गराउने ।

२) गाउँ पञ्चायतका प्रधान पञ्चले जिल्ला पञ्चायत-बाट आएका सूचना, परिपत्र गाउँ पञ्चा-यतलाई जानकारी दिनका साथै समय समयमा त्यसका महत्त्वपूर्ण कुराहरू गाउँलेलाई पनि जानकारी दिने ।

३) प्रधान पञ्च र उप-प्रधान पञ्चले गाउँ पञ्चायतद्वारा सञ्चालित कुनै सार्वजनिक निर्माण-कार्यमा गाउँलेहरूसंग स्वयं श्रमदान गर्ने ।

४) प्रधान र उप-प्रधान पञ्चले राष्ट्रिय अभियानको कार्यक्रमलाई सञ्चालन गर्ने ।

५) प्रधान पञ्च र उप-प्रधान पञ्चले पालै पालोसंग महीनाको एक पटक आफ्नो गाउँ पञ्चायत इलाकाको भ्रमण गर्ने र उत्पन्न समस्याको तुरुन्त समाधान गर्ने । समाधान हुन नसकेका विषयलाई गाउँ पञ्चायतमा छलफल गराई जिल्लामा गा. पं. को राय समेत लेखी पठाउने ।

६) प्रधान पञ्चले आफ्नो गाउँ पञ्चायतको क्रिया-कलाप र प्रगति रिपोर्ट नियमित ढंगबाट जिल्ला पञ्चायतमा पठाउने ।

७) गाउँ पञ्चायतका प्रत्येक वडा पञ्चले आफ्नो गाउँ पञ्चायतको बैठकपछि अनिवार्य रूपले गर्नु पर्ने काम:–

क) गाउँ पञ्चायतले गरेका महत्त्वपूर्ण निर्णयहरू वडाका जनतालाई अवगत गराउने ।

ख) गाउँ पञ्चायत अथवा वडाको सार्वजनिक निर्माणकार्यमा स्वयंले गाउँलेका साथ श्रमदान गर्ने ।

ग) "राष्ट्रिय अभियान" का सम्पूर्ण कार्यक्रमहरू-लाई ध्यानमा राख्दै त्यसको व्यावहारिकता-लाई बुझ्ने र अरूलाई बुझाउने ।

घ) आफ्नो वडामा भएका भ्रष्टाचार, अन्याय, अत्याचार जस्ता विषयलाई आफ्नो गाउँ पञ्चायतमा कार्यवाहीका लागि पठाउने ।

८) गाउँ पञ्चायत क्षेत्रमा प्राथमिक पाठशाला भवन, पञ्चायत भवन, बचत भकारी, गाउँले बाटो जस्ता योजनालाई प्राथमिकता दिई कार्यान्वित गर्ने ।

९) गाउँका बाटाघाटाको संरक्षण तथा गाउँको सरसफाइ गर्न महीनामा कम्तीमा १ दिन श्रमदानको कार्यक्रम राख्ने ।

## ७. राष्ट्रिय अभियानमा विभिन्न वर्गीय संगठनका केन्द्रीय, अंचल र जिल्ला कार्य समितिका सदस्यको काम

**"राष्ट्रिय अभियान" को कार्यक्रम सबै वर्गीय संगठन र पञ्चायतको संयुक्त सहयोग र सक्रियतामा सञ्चालन हुने कुरा स्वाभाविक हो । तसर्थ सबै वर्गीय**

संगठनका माथिल्लो तहका सदस्यहरू आफ्नो जिल्ला र गाउँमा गई संगठनहरूको आफ्-आफ्नो नियम, विधान बमोजिमको नियमित काम कर्तव्य बाहेक यस अभियानमा सम्मिलित हुनु उनीहरूको कर्तव्य हुनेछ ।

१) राष्ट्रिय अभियान कार्यक्रममा आफ्-आफ्नो तह-बाट सम्मिलित भई पूर्ण सहयोग गर्ने विभिन्न वर्गीय संगठनका केन्द्रीय कार्य समितिहरूले बैठकबाट निर्णय गरी आफ्नो जिल्ला, अञ्चल तहहरूलाई परिपत्र गरिदिने ।

२) सबै वर्गीय संगठनको केन्द्रीय, अञ्चल र जिल्ला कार्य समितिका सदस्यहरूले आ-आफ्नो जिल्लामा हुने पञ्चायत र वर्गीय संगठनको संयुक्त सम्मे-लनमा भाग लिने ।

३) राष्ट्रिय अभियान जिल्ला सञ्चालक समितिले दिएको कार्यक्रम अनुसार काम गर्ने, गराउने ।

४) उपर्युक्त काम बाहेक निम्नलिखित काम अनिवार्य रूपले उपरोक्त तहका समितिका सदस्यले गर्नुपर्नेछः–

क) आफ्नो गाउँ पञ्चायत इलाकाको प्रारम्भिक समितिको बैठकमा वर्षको २ पटक भाग लिने।

ख) गाउँ पञ्चायतद्वारा आयोजित गाउँ सभा वा आफ्नो गाउँको सार्वजनिक सभामा भाग लिई राष्ट्रिय अभियानबारे र वर्गीय संगठनको आफ्नो कार्यक्रमका सम्बन्धमा अवगत गर्ने ।

ग) आफ्नो गाउँको कुनै न कुनै सार्वजनिक निर्माण-कार्यमा स्वयंले श्रमदान गर्ने ।

घ) आफ्नो गाउँमा " राष्ट्रिय अभियान " कार्यक्रमको सञ्चालनमा सक्रिय रूपमा सहयोग गर्न प्रत्येक छ महीनामा कमसे कम १५ दिन गाउँमा बस्ने ।

५) वर्गीय संगठनका उपरोक्त सबै तहका कार्यसमिति-का सदस्यले बराबर आफ्नो क्रियाकलाप र त्यस सम्बन्धी प्रगतिप्रतिवेदन आफ्नो संगठनको **केन्द्रीय** अञ्चल र जिल्ला कार्यालयमा पठाउनु कर्तव्य हुनेछ ।

## ८. अनिवार्य रूपले ध्यान दिनुपर्ने मुख्य कुराहरू

**विभिन्न तहका पञ्च र वर्गीय संगठनका कार्यकर्ता-हरूले आफ्-आफ्ना कार्यक्षेत्रमा गर्नु पर्ने कार्यक्रम बनाउँदा**

निम्न कुराहरूमा मुख्य ध्यान दिनु पर्दछः–

१) भाषण, प्रवचन र छलफलको क्रममा "राष्ट्रिय अभियान" को बारेमा अनिवार्य रूपले जोड दिनु पर्ने ।

२) स्थानीय भ्रष्टाचार, अन्याय, अत्याचार, अनावश्यक ढीला-सुस्तीलाई रोकथाम गर्ने र जाली फटाहा-हरूलाई दबाउन उचित वातावरणको सृजना गर्ने तथा आवश्यकतानुसार अभियान चलाउने ।

३) जानी जानी ऐन, नियमको पालना नगर्ने, व्यक्तिगत स्वार्थ र लाभका लागि पञ्चायती कोष, राष्ट्रिय सम्पत्ति र प्राप्त अनुदानको दुरुपयोग गर्ने, गाउँमा शोषण र भ्रष्टाचार गर्ने र कर्तव्यविमुख एवं अनुशासनहीन पञ्चलाई समेत अनुशासनको कार-वाई गरी सुधार्ने अथवा पञ्चायतबाटै निष्काशन गर्ने क्रम चलाउने ।

४) बचत कोष र कृषि ऋणको सदुपयोग, कृषि उत्पा-दनमा बृद्धि, उन्नत जातका पशुपालन, सहकारी संस्थाको स्थापना तथा भूमिसुधारबाट उपलब्ध किसानहरूको हक र सुविधाको संरक्षणसम्बन्धमा

विशेष जोड दिने र बोध गराउने ।

५) राष्ट्रिय पञ्चायतले पारित गरेका ऐन, नियम र श्री ५ को सरकारले उठाएका देशहितका कदम र नीतिबारे जनतालाई अवगत गराउने ।

६) गाउँ पञ्चायतहरू र पञ्चहरूले गरेका राम्रा कामहरूको मूल्यांकन गरी प्रोत्साहित गराउने व्यवस्था गर्ने ।

७) प्रशासनमा कसैले पनि हस्तक्षेप नगर्ने ।

८) भोज एवं मनोरञ्जनमा र अनावश्यक काममा पञ्चायतका कुनै तहले राष्ट्रिय धनको सदुपयोग होस् भन्ने हेतुले सरकारी अनुदान वा आफ्नै कोष-बाट पनि खर्च गर्नु हुँदैन ।

## ६. राष्ट्रिय अभियान जिल्ला संचालक समिति

**राष्ट्रिय अभियानको "गाउँ फर्क" नारालाई साकार र सक्रिय रूप दिनका लागि रेखदेख, निर्देशन र नियन्त्रण गरी सुनियोजित ढंगबाट सञ्चालन गर्न प्रत्येक जिल्लामा राष्ट्रिय अभियान जिल्ला सञ्चालक समितिको गठन हुनेछ ।**

**जिल्ला सञ्चालक समितिको गठन, काम, कर्तव्य**

निम्नबमोजिम हुनेछ–

## गठन

| | |
|---|---|
| राष्ट्रिय पञ्चायतका सदस्य–– | सभापति |
| जि. पं. सभापति–– | उप-सभापति |
| जि. वर्गीय संगठनका सभापतिहरू–– | सदस्य |
| जि. पं. उप-सभापति–– | " |
| जि. पं. सचिव–– | सचिव |

समितिका बैठकहरूमा सहायक अञ्चलाधीश, भूमि-सुधार अधिकारी र जिल्ला न्यायाधीश र आवश्यकतानुसार अन्य कर्मचारीहरूलाई पनि आमन्त्रित गर्ने ।

एक जिल्लामा एकभन्दा अधिक राष्ट्रिय पञ्चायतका सदस्य भएमा वर्णानुक्रमले पालो पालो गरी सभापतित्व गर्नेछन् ।

## काम र कर्तव्य

१) अभियानका दौरानमा सक्रिय भई काम गरेका योग्य कार्यकर्ताहरू तथा गाउँ पञ्चायतका कर्मठ पञ्च र प्रधान पञ्चको गतिविधिको मूल्याङ्कन

र लेखाजोखाको निम्ति रेकर्ड तयार गर्ने र त्यसको पूरा रेकर्ड केन्द्रमा पठाउने ।

२) समितिले आफ्नो जिल्ला अन्तर्गतका गाउँ-गाउँमा चलेका राष्ट्रिय अभियानको कार्यक्रम नियम अनुसार चलिरहेको छ छैन हेर्ने ।

३) राष्ट्रिय अभियानको रेखदेख र सो नचलेका गाउँ-हरूमा गई जनतालाई चेतना दिन समितिका सदस्य-हरूले समय समयमा भ्रमण गर्नु पर्नेछ र आवश्यक-तानुसार कुनै पनि गाउँमा राष्ट्रिय अभियान सञ्चालन गर्न उचित वातावरणको श्रृजना गर्ने ।

४) जिल्ला सञ्चालन समितिले राष्ट्रिय अभियानको उद्देश्य व्यापक रूपमा बोध गराउनु र प्रचार गराउनु, जिल्लाका प्रमुख ठाउँहरूमा आवश्यकतानुसार विभिन्न क्षेत्र जस्तै विद्यार्थी, शिक्षक, बुद्धिजीवी, समाजसेवी, व्यापारी, कृषक आदिहरूको आम सभा र गोष्टीहरू गराउने छ । साथै पर्चा, पोस्टर, बुलेटीन छपाई वितरण गर्ने व्यवस्था पनि गर्नेछ । अनावश्यक निहुँ खोज्ने वा कुरा काट्नेको दृढता-पूर्वक मुकाविला वा बहिष्कार पनि गर्नेछ ।

५) भ्रष्टाचार, अन्याय, अत्याचार, ढीला-सुस्ती गर्नेहरूको विरूद्ध अभियान चलाउने ।

६) जिल्ला सञ्चालन समितिले बुद्धिजीवीवर्ग, समाजसेवीहरूलाई पनि यस अभियानमा यथाशक्य सामेल गर्नेछ ।

७) सञ्चालन समितिले जिल्लामा उत्पन्न समस्या वा समितिले अनुभव गरेको विषयलाई लिएर कुनै पनि अधिकारीसमक्ष प्रतिनिधिमण्डल पठाई वस्तुस्थिति अवगत गराउन सक्नेछ ।

८) जिल्ला सञ्चालन समितिले केन्द्रको नीति र निर्देशनको अधीन रही आफ्नो काम गर्नेछ ।

९) सञ्चालन समितिको सचिवले राष्ट्रिय अभियानको प्रगतिप्रतिवेदन प्रत्येक महीनामा अनिवार्य रूपले केन्द्रमा पठाउने छ ।

## व्यवस्थाका विभिन्न अङ्गको पंचायतीकरण

**पञ्चायत नेपालीको आचरण र व्यवहारमा भिजिसकेकोले यसको संगठनात्मक तरीका, राजनीतिक रूप र आर्थिक ढांचा पनि आफ्नै किसिमको छ । यसलाई अझ**

बढी सुदृढ रूप दिन व्यवस्थाका प्रत्येक अङ्ग, प्रत्यङ्गको कार्यविधि पनि सकेसम्म क्रमिक रूपले पञ्चायती स्वरूपमा मिलाउँदै लैजानु आवश्यक हुन्छ। यस सन्दर्भमा हामीले आफ्नो देशको सम्पूर्ण अङ्गलाई पञ्चायती व्यवस्थानुकूल नबनाएसम्म व्यवस्थाका विविध अङ्गमा राम्रो सामन्जस्य बस्न र व्यवस्थालाई बल मिल्न सक्दैन। तसर्थ राष्ट्रका सम्पूर्ण अङ्गलाई पञ्चायती भावनामा ढाल्न र पञ्चायतीकरण गर्ने दिशामा क्रमिक रुपले निम्नलिखित कार्यहरू गर्नु पर्दछ :–

(१) प्रशासनिक क्षेत्रमा गर्नु पर्ने कामहरू:–

क) प्रत्येक कर्मचारीमा " पञ्चायत " विकल्परहित व्यवस्था हो, हामी पञ्चायतबाहिर छैनौं र हुन सक्दैनौं भन्ने भावना भर्नु। यसको प्रयोजनको लागि समय समयमा विभागीय प्रमुखहरूले गोष्ठी र प्रशिक्षण शिविरहरूमा यसको बोध आफ्ना कर्मचारीहरूलाई गराउनु पर्दछ।

ख) कुनै निश्चित अवधिसम्म गाउँ पञ्चायतमा सेवा नगरी वा पञ्चायतसम्बन्धमा कुनै प्रशिक्षण, योग्यता

वा विशेष योग्यता हासिल नगरी कुनै व्यक्तिले पद र प्रतिष्ठा नपाउने परिपाटी बसाल्नु पर्छ ।

ग) हाल सरकारी सेवामा बहाल रहेका सबै तहका कर्मचारीहरूलाई "पञ्चायत" बारे अनिवार्य रूपले सामान्य वा विशेष प्रशिक्षण दिने व्यवस्था गर्ने ।

घ) लोक सेवा आयोग, स्कूल, कलेज, विश्वविद्यालयहरूमा प्रत्येक परीक्षाको पाठ्यक्रम एवं अन्तर्वार्तामा "पञ्चायत" विषयक एक अनिवार्य प्रश्न पत्र राख्ने ।

ङ) कर्मचारीहरूले कमसेकम वर्षको ५ दिन गाउँ पञ्चायतहरूमा श्रमदान वा आफ्नो योग्यतानुसारको अन्य योगदान दिएर अभियानमा भाग लिने ।

(२) शैक्षिक क्षेत्रमा गर्नु पर्ने कामहरू:–

क) देशका विभिन्न स्कूल, पाठशालामा छैठौं कक्षादेखि दशम कक्षासम्मका पाठ्यक्रममा पञ्चायतसम्बन्धी परिचयात्मक पुस्तिकाहरू समावेश गर्ने ।

ख) महाविद्यालय र विश्वविद्यालयका पाठ्यक्रममा "पञ्चायत" का सैद्धान्तिक र व्यावहारिक पक्षको ज्ञान दिलाउने खालका पुस्तकहरू समावेश गर्ने ।

ग) विश्वविद्यालयको माष्टर डिग्री प्राप्त गरेपछिको अनुसन्धानात्मक परीक्षामा "पञ्चायत" का राजनीतिक, आर्थिक र सामाजिक आदि विविध पक्षमा थीसिस (विषय कथन) प्रस्तुत गर्ने व्यवस्था मिलाएर डाक्टरेट् उपाधि प्रदान गर्ने ।

घ) विभिन्न विद्यालय, महाविद्यालयहरूमा चालू गरिएको नैतिक शिक्षा प्रवचन कार्यक्रमको साथै "पञ्चायत" सम्बन्धमा पनि प्रवचन गराउने ।

ङ) देशका विभिन्न भागका पुस्तकालयहरूमा आजसम्म प्रकाशित पञ्चायतसम्बन्धी पुस्तकहरू राख्ने ।

च) सांस्कृतिक कार्यक्रममा पञ्चायतका प्रमुख पहलूहरू प्रस्तुत गराउने ।

छ) साँस्कृतिक कार्यक्रममा डकुमेण्टरी तथा फिचर फिल्महरू तयार पारी बराबर ठाउँ-ठाउँमा प्रदर्शन गराउने ।

ज) प्राथमिक र माध्यमिक विद्यालयका प्रधानाध्यापक र शिक्षकहरूलाई पञ्चायतका सम्बन्धमा तालीम दिने व्यवस्था गर्ने ।

झ) राष्ट्रिय अभियान कार्यक्रमलाई गोष्ठी, प्रवचन,

गीत एवं लेखहरू आदिद्वारा शिक्षक एवं विद्यार्थीहरूले बल दिने ।

१०. अभियानका कार्यकर्ताहरूको कर्तव्यसूचि

**"गाउँ फर्क" "राष्ट्रिय अभियान" चलाउने सन्दर्भमा सबै नागरिकहरूले र खास गरी मन्त्री लगायत विभिन्न तहका पञ्च र वर्गीय संगठनका कार्यकर्तालि समेत निम्नलिखित कुराहरूको पालना गर्ने र यसको बारम्बार अध्ययन र मनन गर्ने ।**

(१) मेरो नेपाली जाति उच्च र पवित्र छ । देश र जनताको सर्वतोमुखी विकास गराउनु नै मेरो परम उद्देश्य हो । राष्ट्र सेवाको भावनाबाट प्रेरित भएर नै मैले यी कर्तव्यहरू गरिरहेकोछु । म पक्का राष्ट्रवादी भएर बाँच्दछु र राट्रलाई बचाउंदछु ।

(२) राजमुकुटमा आस्था र राजमुकुटको नेतृत्वबाट मलाई सदा उत्साह र भरोसा मिलिरहेको छ । यसैले म निर्भीक तथा दृढनिश्चयी भएर नेपाल र नेपालीको भलाइ हुने कामबाट कहिल्यै

थाक्दिन र पञ्चायत व्यवस्थाप्रति कहिल्यै र कसैसंग पनि नैराश्यको भावना व्यक्त गर्दिन तथा पञ्चायत व्यवस्थाको पक्षमा जहाँ र जससंग पनि जवाफ-देही गर्दछु ।

(३) आफ्नो सुख-सुविधाका लागि कुनै पनि ग्रामीण जनता र पञ्चलाई अनावश्यक दुःख र असुविधा पार्ने छैन । कुनै पनि अवस्थामा अभद्र व्यवहार र अनैतिक काम गर्ने छैन । जस्तै अप्ठेरो परे पनि अन्याय, अत्याचार, भृष्टाचार र शोषणको विरोध गर्नु मेरो परम कर्तव्य हो ।

(४) भ्रमण अवसरमा शंकास्पद चरित्र, बदनाम र जनताले नरूचाउने व्यक्तिको आतिथ्य स्वीकार नगर्ने प्रण गर्छु ।

(५) राष्ट्रिय संगीत,कला र व्यवस्था अनुकूल साँस्कृतिक कार्यक्रममा मात्र काम सकिएपछिको साँझको फुर्सदको समय बिताउनेछु ।

## ११. प्रशासनिक क्षेत्रलाई निर्देशन

**"गाउँ फर्क" "राष्ट्रिय अभियान" चलाउने सन्दर्भमा प्रशासनिक क्षेत्रले पालन गर्नु पर्ने कर्तव्यः–**

१. पञ्चायतको काम-कारवाहीमा हस्तक्षेप नगर। तर, आफ्नो क्षेत्रको शान्ति-सुरक्षा कायम गर्नुपर्ने र व्यवस्थाको परिधिबाहिरको काम कुरा हुन गयो भन्ने लागेको अवस्थामा कानून, नियमले गर्नुपर्ने आफ्नो कर्तव्य पूरा गर्नमा नहिचकिचाऊ।

२. पञ्चहरूको सम्मान गर।

३. अज्ञानवश पञ्चायत र पञ्चहरूबाट व्यवस्थाको भावनाको प्रतिकूल कुनै किसिमको काम हुन लागेको भन्ने लाग्दछ भने बोलाएर कुरा सम्झाउने र सल्लाह दिने गर।

४. भ्रष्टाचारको मामलामा स्वयं आफूलाई निष्कलंक राख र जिल्लामा चर्चा भएको कुनै पनि तहको घूस र भ्रष्टाचारसम्बन्धी कुराको खुला छानबीन गर र तुरून्त उचित कारवाइ गर। भ्रष्टाचार रोक्ने सम्बन्धमा पञ्चहरूसंग सहयोग लेऊ र उनीहरूलाई सहयोग देऊ।

५. काममा अनावश्यक ढीला-सुस्ती आउन नदेऊ र जनताको सुविधाको संधै खयाल गर। जिल्ला तथा अञ्चलका केही पञ्चलाई मात्र काखीच्यापेर पक्षमा

लिने नगर। यसबाट गूटबन्दीको वातावरणको श्रृजना हुन्छ।

६. कुनै पनि पञ्च या अन्य व्यक्तिको दवावमा कसैको व्यक्तिगत स्वार्थ पूर्ति हुने काम नगर।

७. अवाञ्छित तत्त्वद्वारा हुने खतराबाट पञ्चहरूलाई सुरक्षित राख।

८. राष्ट्रिय अभियानलाई सफल र प्रभावकारी बनाउन हरसंभव प्रयत्न गर।

जय नेपाल !

मुद्रकः– श्री ५ को सरकारको छापाखाना ।